# संस्थापक शेयरधनी परिवर्तन गर्न नपाइने बारे
# नेपाल राष्ट्र बैंकको
# सूचना

बैंक/वित्तीय संस्था संस्थापनाको लागि यस बैंकबाट सैद्धान्तिक सहमतिपत्र (Letter of Intent) प्राप्त गरिसकेका बैंक/वित्तीय संस्थाहरुले तत्कालीन प्रस्तावित संस्थापकको मृत्यु भएको अवस्थामा यस बैंकबाट स्वीकृति लिएर बाहेक अन्य कुनै पनि अवस्थामा संस्थापक शेयरधनी परिवर्तन गर्न पाईने छैन । संस्थापक शेयर धारण अनुपात परिवर्तन गर्नुपरेमा विद्यमान संस्थापकहरुबीच मात्र गर्न पाइने र प्रस्तावित संचालकको हकमा निजहरुले शेयर धारण गर्न कबुल गरेको प्रतिशतमा कुनै परिवर्तन गर्न नपाइने व्यवस्था कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

नेपाल राष्ट्र बैंक<br>
केन्द्रीय कार्यालय<br>
बैंक तथा वित्तीय संस्था नियमन विभाग